आज मिति २०७६ पुस २४ गते बिहीबारको दिन दिनको ४:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८५ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य अध्यक्ष श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७६/०९/२३ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०९।२४ गते नगर कार्यपालिकाको ८५ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | नगर सभाको बैठक सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन २०७४ | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ (१) अनुसार सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्ने छ भन्ने उल्लेख भएको र उपदफा २ बमोजिम सभाको बैठकको अध्यक्ष नगर प्रमुखले बोलाउनेछ भन्ने उल्लेख भएको हुदाँ यस बैठकमा छलफल गर्दा अर्धवार्षिक प्रगति समिक्षा र सार्वजनिक सुनुवाई समेत सम्पन्न गरेर नगर सभा गर्ने । |
| २. | हिमज्योती इङ्गलिस बोर्डिङ्ग स्कुलको धरौटी जग्गा फिर्ता सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन २०७४ | • मिति २०४१ सालमा साविक चाल्नाखेल गा.वि.स. ५ खहरेमा कृष्णहरि लुईटेल संस्थापक/व्यवस्थापक एवं प्रिन्सिपल समेत भई हिमज्योती इङ्गलिस बोर्डिङ्ग पुर्व प्रा.वि. विद्यालय संचालन गरेकोमा पछि सोही विद्यालयलाई प्राथमिक विद्यालय भनि संचालन गरेको र संचालनको स्विकृतिको लागी तत्कालिन व्यवस्था अनुसार स्कुल संचालन बापत रु.२५०००।- (पच्चिस हजार) धरौटी राख्नुपर्ने प्रावधान बमोजिम सो बरावरको आफ्नो एकाघरको सगोलको भाई शिवहरी लुईटेलको नाममा दर्ता श्रेष्ता रहेको काठमाण्डौं साविक चाल्नाखेल गा.वि.स. ८(क), कि न. १६०, क्षेत्रफल १-०-२-० को जग्गा धरौटी स्वरुप हिमज्योती इङ्लीस बोर्डिङ स्कूलको नाममा राखेकोमा पछि विभिन्न कारणले गर्दा सो स्कुल मिति २०५४ सालदेखि संचालनमा नरहेको हुदाँ उपरोक्त तथ्य एवं आधारलाई समेत हेर्दा यस नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता रुकुमा कर्माचार्यले दिनु भएको कानुनी राय समेत हेरी लिदाँ मिति २०७६/०४/१३ को गोरखापत्रको हकदाबी सम्बन्धी सूचनामा कसैको पनि धरौटी राखेको जग्गामा हकदाबी उजुरी नपर्नु, शिक्षा विकास तथा समन्वय ईकाइ, ताहाचालको च.नं २८७२ मिति २०७६/०१/२८ को पत्रको जवाफ, आन्तरिक राजश्व कार्यालय कालिमाटिको च.नं ११२४ मिति २०७६/०२/०६ को पत्रको जवाफ, च.नं. १४७७ मिति २०७६/०३/०१ गतेको द.न.पा. वडा नं १ को कार्यालयको मुचुल्का सहितको जवाफ, मिति २०७६/०२/२९ गतेको विद्यालय बन्द भएको विद्यालय व्यवस्थापन समितिको पत्र समेतका आधार प्रमाणबाट निवेदक कृष्णहरि लुईटेलका भाई शिवहरि लुईटेलको नाउँमा दर्ता स्रेस्ता कायम रहेको र भोगचलन रहे/भएको काठमाण्डौं साविक चालनाखेल गा.वि.स. ८(क), कि.न. १६०, क्षेत्रफल १-०-२-० स्थित जग्गा हिमज्योती इङ्गलिस बोडिङ प्रा.वि. दर्ता गर्दाका बखत नगद धरौटीको सट्टा जग्गा धरौटी राखी विद्यालय संचालनको अनुमित लिएको देखिदा उक्त जग्गा फिर्ता सम्बन्धमा सम्बन्धित निकायमा बुझ्ने र सम्बन्धित पक्षसँग थप प्रमाण माग गर्ने । |

| | | | |
|---|---|---|---|
| ३. | DPR सम्बन्धमा । | | • मिति २०७६/०८/०४ गतेको नगर कार्यपालिकाको ८१ औं कार्यपालिका बैठकको निर्णयानुसार चालु आ.ब.मा तयार गर्नु पर्ने DPR को सुचिमा निम्न बमोजिमका आयोजनाहरु थप तथा संशोधन गर्ने ।<br>१. गोपालेश्वर सम्पदा संरक्षण पार्क (वडा नं. ७)<br>२. शेषनारायण मन्दिर एवं बाल उद्यान (वडा नं ५) संशोधन गरी शान्ती वन बाटीका - भुमेडाँडा - सतिखेल पिच सडक - सेतीदेवी सडक कालोपत्रे गर्ने (वडा नं ५)<br>३. गोपालेश्वर - युटिकी - कोपु सडक (वडा नं. ७)<br>४. सातमुल स्वीमिङ पुल निर्माण (वडा नं. ४)<br>५. पञ्चल पोखरी देखी ढेवी सम्मको सडक (वडा नं. ६)<br>६. भगवती मन्दिर देखी नाईटे खोल्चा सम्मको सडक (वडा नं. ६) |
| ४. | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा । | | • प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि तपसिल बमोजिमका ६ (छ) आयोजनाहरु सम्बन्धित वडा समितिहरुबाट सिफारिश भई आएकोले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबारमा माग गरी पठाउने :<br>१. वडा नं. २ को ग्वालदह पावरहाउस हुँदै पाखाचोक सडक मर्मत संभार अन्तर्गत ड्रेन मर्मत (ल.ई.रु.२१०११९।-)<br>२. वडा नं ४ को खानेपानी पाइपलाइन विस्तार (ल.ई. रु.११६४४१।-)<br>३. वडा नं. ४ को ठूलो ढुंगा देखि पिकनिक स्थलसम्मको मोटरबाटोको ड्रेन निर्माण (ल.ई. रु.५८०९१।-)<br>४. वडा नं. ४ को राष्ट्रिय झण्डा संरक्षण (अग्नी रेखा निर्माण) (ल.ई. रु.३८४४५।-)<br>५. वडा नं. ७ को कोपुगाउँ वातावरण पार्क, चौतारा र सिंढी निर्माण (ल.ई. रु.९९२४७८।-) (रु.३९४७८।- सम्मको रकम यस नगरपालिकाको श्रोतबाट व्यहोर्ने गरी)<br>६. वडा नं. ९ खार्पा नर्सरी व्यवस्थापन (ल.ई. रु.८५१७८०।-) |
| ५. | विविध । | | • दक्षिणकाली नगरपालिका २ नं. वडा कार्यालयको च.नं.३२७, मिति २०७६/०९/२३ को पत्रबाट सो वडा स्थीत खोकना आरोग्य आश्रममा ६७ औं कुष्ठरोग दिवस मनाउनको लागी आवश्यक रकम विनियोजन गरिदिनु हुन अनुरोध भई आए अनुरुप उक्त कार्यक्रमको लागी द.न.पा. नगरस्तरिय चालु खर्च अन्तर्गत भैपरी आउने चालु शिर्षकबाट रकम रु.१,००,०००।- (एक लाख) विनियोजन गर्ने । |